मितिः- २०८१।१२।१२ गते

स्थान:- कालिगण्डकी गाउँपालिकाको कार्यालय सभा कक्ष, गुल्मी ।

समयः- बिहान ११:०० बजे

कालिगण्डकी गाउँपालिकाका अध्यक्ष **श्री वेद बहादुर थापा** ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकको उपस्थिति र निर्णयहरु ।

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री वेद बहादुर थापा | |
| २. | उपाध्यक्ष | श्री मन्जु कुमारी दर्लामी | |
| ३. | १.नं. वडा अध्यक्ष | श्री लालु प्रसाद पाण्डे | |
| ४. | २.नं. वडा अध्यक्ष | श्री रेशम राज न्यौपाने | |
| ५. | ३.नं. वडा अध्यक्ष | श्री रुप बहादुर श्रीस | |
| ६. | ४.नं. वडा अध्यक्ष | श्री होम बहादुर थापा | |
| ७. | ५.नं. वडा अध्यक्ष | श्री दान बहादुर राना | |
| ८. | ६.नं. वडा अध्यक्ष | श्री पूर्ण बहादुर थापा | |
| ९. | ७.नं. वडा अध्यक्ष | श्री घनश्याम थापा | |
| १०. | कार्यपालिका सदस्य | श्री केशरी तिमिल्सीना पाण्डेय | — |
| ११. | कार्यपालिका सदस्य | श्री गुनुमाया विश्वकर्मा | — |
| १२. | कार्यपालिका सदस्य | श्री मेनुका न्यौपाने | |
| १३. | कार्यपालिका सदस्य | श्री सीता कुमारी थापा | |
| १४. | कार्यपालिका सदस्य | श्री अमर बहादुर विश्वकर्मा | — |
| १५. | कार्यपालिका सदस्य | श्री मिना परियार | |
| १६. | प्रमुख प्रशासकीय अधिकृत | श्री नरेश गिरी | |
| १७ | शिक्षा शाखा | श्री अग्निधर पराजुली | |
| १८ | प्राविधिक शाखा | श्री सत्य नारायण राय | |
| १९ | लेखा शाखा | श्री होबनाथ पौडेल | |
| २० | आलेप शाखा | श्री गोविन्द कार्की | |
| २१ | कम्प्यूटर अपरेटर | श्री ऋषिराम राना | |
| २२ | कार्यालय सहयोगी | श्री रेनुका पौडेल | |

२३.

Scanned with CamScanner

छलफल

१. गाउँपालिका उपाध्यक्ष मन्जु कुमारी दर्लामीले पेश गर्नुभएको फागुन महिनाको अनुगमन समितिको मासिक प्रगति प्रतिवेदन माथि छलफल गरियो ।

२. कालिगण्डकी गाउँपालिककोको चालु आवको दोस्रो चौमासिक अवधिको आय व्ययकोका अवस्थाको बारेमा समिक्षा गरियो ।

निर्णयहरु

३. कालिगण्डकी गाउँपालिकाको सोह्रौ गाउँसभाको दोस्रो बैठक मिति २०८१ साल चैत १९ गतेका दिन संचालन गर्ने गरी सूचना प्रवाह गर्ने ।

४. मिति २०८१ चैत १९ गते कालिगण्डकी गाउँपालिकाको दोस्रो चौमासिक अवधिसम्मको समीक्षा कार्यक्रम संचालन गर्ने ।

५. कालिगण्डकी गाउँपालिकाको वन ऐन, २०८१ को मस्यौदा स्वीकृत गरी आगामी गाउँसभाको दोस्रो बैठकमा पेश गर्ने ।

६. चालु आ.वको प्रदेश शसर्त अनुदान अन्तर्गत हर्मीचौर मा.वि घेराबार निर्माणको लागि ठेक्का आह्वान गरी ठेक्का सम्झौता बमोजिमको कार्य सम्पन्न भै सकेको तर उक्त घेराबारको काम सम्पन्न नभएको हुँदा ठेक्काबाट बाँकी रकमबाट बाँकी काम विद्यालय व्यवस्थापन समितिसँग सम्झौता गरी काम गराउने ।

७. चालु आ.वको लेन्टुङ जयखानी मोटरबाटो निर्माणको लागि स्वीकृत रकमबाट ठेक्का आह्वान भै ठेक्का सम्झौता अनुसारको कार्य सम्पन्न भै सकेको तर उक्त सडकको ट्रयाक ओपनको काम सम्पन्न भै नसकेकोले उक्त ठेक्काबाट बाँकी रकम र बाँकी रकम अन्य कन्टेन्जेन्सी रकमबाट खर्च हुने गरी यसै वर्ष उक्त सडकको ट्रयाक ओपनको कार्य सम्पन्न गर्ने

८. कालिगण्डकी गाउँपालिकाको नदिजन्य पदार्थ उत्खननको लागि तयार भएको IEE रिपोर्ट स्वीकृत गरी प्रतिवेदन अनुसारको सबै वडाका बगरहरुको छुट्टाछुटै हुने गरी नदिजन्य पदार्थ निकासीको लागि ठेक्का आह्वान गर्ने ।

९. तुङ तोलाकोट आधारभुत विद्यालय कालिगण्डकी ६ मा शौचालयको छानो हावाहुरीका कारणले क्षति भएको हँदा उक्त छानो निर्माणको खर्च रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने ।

१०. चालु आवको स्वीकृत कार्यक्रम अन्तर्गत खरिद गरी वडाहरुमा वितरण गरिका विद्युत पोलहरु सबै वडा कार्यालयहरुले पन्ध्र दिनभित्र व्यवस्थापन गरी सोको जानकारी गाउँपालिकामा उपलब्ध गराउने ।

११. कालिगण्डकी गाउँपालिका भित्रका तपसिल बमोजिमका स्वास्थ्य संस्थाका भवनहरु निर्माणका लागि संघीय सरकार स्वास्थ्य मन्त्रालयमा माग गर्ने ।

   a. खड्गकोट स्वास्थ्य चौकी भवन
   b. पूर्तिघाट स्वास्थ्य चौकी भवन

१२. कालिगण्डकी गाउँपालिकाभित्रका तपसिल बमोजिमका विद्यालय भवनहरु निर्माणका लागि लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा माग गर्ने ।

   a. जनशक्ति आधारभुत विद्यालय, कालिगण्डकी ७
   b. तल्लो कोरेङ आधारभुत विद्यालय, कालिगण्डकी ६
   c. प्रारम्भिक आधारभुत विद्यालय कालिगण्डकी ७

१३. आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि कालिगण्डकी गाउँपालिकाभित्रका तपसिलका योजनाहरु स्वीकृति लागि लुम्बिनी प्रदेश सरकार उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयमा पठाउने ।

   a. कोरेङसेसी सिंचाइ योजना, कालिगण्डकी ६
   b. छ सय कुलो कालिगण्डकी १
   c. खर्च सिंचाइ नयखानी

१४. कालिगण्डकी गाउँपालिका वडा नं १ र वडा नं २ का कृषियोग्य फाँटहरुमा सिंचाईका लागि भुमिगत सिंचाई प्रणालीको सम्भाव्यता अध्ययनको लागि भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय बुटवल रुपन्देहीमा अनुरोध गर्ने ।

कालिगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पूर्तिघाट, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

१५. कालिगण्डकी गाउँपालिका भित्रका तपसिलका योजनाहरु स्वीकृतिका नेपाल सरकार संकृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयमा पठाउने ।

a. होस्माडी झरनाको व्यवस्थापन तथा सौन्दर्यीकरण, कालिगण्डकी ३ गुल्मी
b. कनौटा मन्दिर व्यवस्थापन तथा दक्ष प्रजापति क्षेत्र पार्क निर्माण, कालिगण्डकी ३ गुल्मी

१६. कालिगण्डकी गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको संरक्षण, सम्वर्धन गरी पर्यटन प्रवर्धन गर्न देहायका योजनाहरुको पर्यटन गुरुयोजना तयारी गर्ने ।

a. भुइटोड्के डाँडा कालिगण्डकी ६ गुल्मी ।
b. कालिगण्डकी १ को सुरुङमार्गको व्यवस्थापन गुल्मी ।
c. लक्ष्मीनारायण मन्दिर व्यवस्थापन कालिगण्डकी ६ गुल्मी ।
d. तमु ग्यालरी पार्क निर्माण, कालिगण्डकी ७ गुल्मी ।

१७. कालिगण्डकी गाउँपालिका वडा नं २ को सानाचौर सेतिवेणि (सालिग्राम) सडक कालोपत्रेको लागि शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने ।

१८. कालिगण्डकी गाउँपालिकाको घरमा शुन्य प्रसुति कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१, पूर्ण संस्थागत प्रसुतिकर्मी सेवायुक्त वडा तथा स्थानीय तह घोषणा एवं सुनिश्चितता सम्बन्धी मापदण्ड २०८१ स्वीकृत गर्ने ।

१९. कालिगण्डकी गाउँपालिकाको साजनकोट खस्कोट खानेपानी योजना निर्माणका क्रममा कालिगण्डकी ७ निवासी सिता पुरीको हातमा चोट लागि उपचाररत रहेको हुँदा निजको उपचारका लागि रु. १० हजार आर्थिक सहायता प्रदान गर्ने । साथै कालिगण्डकी गाउँपालिका वडा नं ६ का इन्द्र बहादुर थापाको मेरुदण्ड भाचिई लुम्बिनी प्रादेशिक अस्पतालमा उपचाररत रहेको हुँद निजको उपचारका लागि रु २५ हजार औषधि उपचार सहायत उपलब्ध गराउने ।

२०. मिति २०८१।१२।०२ गतेका दिन कराङ्गतुङ आधारभुत विद्यालयको छानो हावाहुरीका कारण उडाएको हुँदा विपद् व्यवस्थापन शिर्षकबाट उक्त विद्यालयको छानो पुननिर्माणको कार्य गराउने ।

२१. कालिगण्डकी गाउँपालिका भित्रका तपसिल बमोजिमका सडक योजनाहरु स्तरोन्नतीका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा अनुरोध गर्ने ।

a. पूर्तिघाट फोक्सिङ ग्वागा शान्तिपुर सडकः २० करोड
b. घुमाउने कोरेङ छापचौर बेरेङ्ग सडकः २० करोड
c. बरल्वा रम्फै सपाङ्गदे लुङ सडकः २०

२२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगार सहायक पदमा कार्यरत श्री तिलक रानाले छोडेपश्चात कार्यालयको काम काजमा समस्या आएको हुँदा उक्त रिक्त रहेको पदमा वडा नं.६ वडा कार्यालयमा कार्यरत प्रशासन सहायक बासन थापाको शैक्षिक योग्यता पुगेको निज बासन थापालाई नियुक्ति गर्ने ।

२३. कालिगण्डकी गाउँपालिका वडा नं ४ का इश्वरी वि.क.को घर २०८१।१२।०९ गतेको हावाहुरीका कारणले घरको छाना उडाई घर क्षतिग्रस्त भएको हुँदा विपद्जन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण सम्बन्धी कार्यविधि बमोजिम घर पुननिर्माणको लागि लाभग्राही कायम गर्न जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पठाउने ।

कालिगण्डकी गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्तिघाट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner